दर्ता नं.: ८३-०५०/०५१
पान नं.: ३०३२०९८१८

मिलिजुली कालिञ्चोक
बचत तथा ऋण सहकारी संस्था लि.
MILIJULI KALINCHWOK SAVING & CREDIT COOPERATIVE LTD.

भीमेश्वर नगरपालिका वडा नं. ६, चरिकोट, दोलखा
०४९-४२१३९७, ४२११४३, ४२१३०३, ४२१५३९
milijuli50.saccos@gmail.com, mksccl50.saccos@gmail.com
www.milijuli.coop.np

**बिषय:स्कुटर लिलामबिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आब्हान।**

(प्रकाशित मिति : २०८३ जेष्ठ १२ गते)

यस सहकारी संस्था लि. को नाममा रहेको देहायको सवारीसाधन जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले संस्थाको आर्थिक प्रशासन नियमावली २०७९ को परिच्छेद ७ दफा ४२ को उपदफा १ मा भएको व्यवस्था अनुसार २०८३ साल जेष्ठ ९ गते बसेको सञ्चालक समितिको ६१५ औं बैठकको निर्णय नम्बर १३ अनुसार बढाबढमा बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति, सप्लायर्स वा फर्मले देहायका शर्त बन्देजमा रहि बोलपत्र पेश गर्नको लागि आव्हान गरिएको छ ।

**तपसिल :**

| | |
|---|---|
| साधन | इलेक्ट्रीक स्कुटर |
| स्कुटर नं. | बा.प्र. ०२-०४७ प ४५२४ |
| मोडेल नं | AMPERE PRIMUS |
| च्यासिस नं. | MCPM33000CJG14185 |
| इन्जीन नं. | SEG230720231185 |
| रङ | PURPLE BLUE WITH BLACK |

**शर्त बन्देजहरु :**

१. सूचना प्रकासित भएको मितिले ७ (सात) दिन अर्थात् २०८३ साल जेष्ठ १७ गते दिनको २:०० बजे भित्र रु. १००।- (अक्षरुपी एक सए) पछि फिर्ता नहुने गरी दस्तुर बुझाई लिलाम बिक्री सम्बन्धी बोलपत्र फाराम संस्थाको मुख्य कार्यालय लगाएत सम्पूर्ण सेवाकेन्द्रहरु बाट खरिद गर्न सकिनेछ ।

२.खरिद गरिएको बोलपत्र सूचना प्रकाशन भएको मितिले सातौ दिन अर्थात् २०८३ साल जेष्ठ १८ गते कार्यालय समय भित्र संस्थाको मुख्य कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. पर्न आएको बोलपत्रहरु आठौ दिन अर्थात् २०८३ साल जेष्ठ १९ गते बिहान ९:०० बजे संस्थाको मुख्य कार्यालयमा लिलाम सकार गर्ने ब्यक्ति वा संस्था स्वयम वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्रका साथ आफुले कबोल गरेको रकमको १० प्रतिशत धरौटी वापत यस संस्थाको नबिल बैंक चरिकोट शाखामा रहेको ४००१०१७५००३५१ मा रकम जम्मा गरेको सक्कल भौचर वा डिजिटल ट्रान्सफर गरेको प्रमाण संलग्न गरेको हुनुपर्नेछ ।

५. सूचनाको शर्त बमोजिम नभएको, रितपूर्वक नआएको र कुनै पनि शर्त राखि पेश गरेको बोलपत्र स्वीकृत गर्न संस्था बाध्य हुने छैन ।

६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार संस्थामा निहित हुनेछ ।

७. लिलाम बिक्रीमा लिने सवारीसाधन हेर्न चाहेमा संस्थाको तर्फबाट साधन भएको स्थानमा हेर्ने व्यवस्था मिलाईनेछ ।

८. सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछन् ।

९. लिलाम अंक स्वीकृत भए पछि सम्पूर्ण कबोल रकम जम्मा गरेपछि मात्र सकार गरिएको सवारीसाधन उठाउने कार्यादेश दिइनेछ ।

१०. लिलम सकार गरिएको सवारीसाधन उठाउँदा लाग्ने अन्य दस्तुर सकार गर्ने व्यक्ति वा संस्था स्वयमले व्यहोर्नपर्नेछ ।

११. यस सम्बन्धी अन्य विस्तृत जानकारी आवश्यक परेमा कार्यालय समयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

**खरिद [illegible] कार्यदल**